# यूराशिया तरङ्ग

वर्ष ५, अंक १०, जनवरी २०१२



## यूराशिया रेयूकाई संस्थापक अध्यक्ष श्री युशुन मासुनागाज्यूले समय-समयमा प्रदान गर्नुभएको मार्गनिर्देशनका बुँदाहरु

- मानिसको रुपमा जन्मेर नआएसम्म न बुद्ध बन्न सक्छ, न बोधिसत्व नै बन्न सक्छ । त्यसैले मानिसको रुपमा जन्म दिने मानव जीवनका श्रोत अभिभावकहरूप्रति हामीहरू कृतज्ञ नभै हुँदैन ।
- मानव जीवनका श्रोतको रुपमा रहेका पुर्खालाई केन्द्र विन्दु बनाएर जीवनयापन गर्ने मौका पाएका हामीहरू हौं ।
- अभिभावक र पैसा सधै सँगै रहँदैन भन्नेकुरा विचार नगरिकन हुँदैन ।
- जनावर भए पनि पुर्खा छन् तर तिनीहरूमा पुर्खाको अस्तित्व छ भनेर थाहा हुदैन मानिसले पनि पुर्खाको अस्तित्व स्वीकार नगरे जनावर जस्तै हुन्छ ।
- पुर्खाहरूको स्थिति परिवर्तन भएमा आफनो घरको स्थिति पनि परिवर्तन हुँदै जान्छ ।
- रेयूकाईको शिक्षा आफू स्वयंले कार्यान्वयनमा उतार्ने हो, आफ्नो कर्मको सम्बन्ध आफैंले नै बचाउने मौका पाउने हो ।
- रेयूकाईको बेस कृतज्ञता हो ।
- आफनो सन्तती दु:खी होस् भनेर पुर्खाले कहिल्यै भन्दैनन् ।
- आफ्नो मुखबाट बोलेको शब्दले अरूलाई दु:खी या सुखी बनाउन सक्दछ ।
- आफू कन्जुस छ कि अल्छी छ भन्ने कुरा आफूलाई थाहा हुँदैन र स्वीकार गर्न पनि सक्दैन तर अरूलाई थाहा हुन्छ ।
- आफ्नो देशलाई बचाउने आफ्नो खराब चरित्रलाई परिवर्तन गर्ने र महान् रेयूकाई शिक्षालाई दैनिक कार्यान्वयन गरेर मानिसको मन परिवर्तन गराउने मूख्य काम हामीहरूको हो ।
- एक-एक जनाको अन्तरआत्माको विकास गर्दै जाने काम यूराशिया रेयूकाईको हो ।
- मिचिविकी नगर्ने मानिस मानिस नै होईन भन्नुको मतलब दोश्रो व्यक्तिको सुखको कामना नगर्ने व्यक्ति मानिस नै होईन भनेको हो ।
- हामीहरूले अरूलाई र आफूलाई झुक्याए पनि आफ्नो आत्मालाई र आध्यात्मिक संसारलाई झुक्याउन सकिन्न ।
- दु:खी भएको आत्मालाई शान्त बनाई दिने र कर्मको सम्बन्धलाई बचाई दिने व्यक्ति नै लोकहितकारी बोधिसत्व हो ।
- यो संसारमा महिला-महिला मिल्यो भने विश्वशान्ति तुरन्तै हुन्छ ।
- बिहान आशा लिएर उठ्ने, दिउँसो उज्यालो भई प्रयास गरी जीवन जिउने र राती कृतज्ञ भई सुत्ने ।
- अरूको मनको द्वारलाई खोल्नको लागि र मनको संसारलाई खोल्नको लागि मुस्कान महत्वपूर्ण हुन्छ ।
- मुस्कानलाई दान गर्ने, मुस्कानयुक्त अनुहार र शब्द प्रयोग गर्ने र अरू व्यक्तिलाई प्रशंसा गर्ने बानी लागू गर्नुपर्छ ।
- अरू व्यक्तिहरूबाट सुझाब, मार्गनिर्देशन पाउन सकिन्छ तर कार्यान्वयनमा उतार्ने चाहिं स्वयम् आफै नै हो र आफू स्वयंले परिणामलाई देखा पार्दै जाने हो ।
- आँखाले नदेख्ने स्थानबाट सिकाई पाएर आफ्नो भाग्य आफैले खोल्नुपर्छ ।

## यूराशिया रेयूकाईको संक्षिप्त परिचय

सन् १९२० मा रेयूकाईका संस्थापक द्वय महागुरू काकुतारो कुवो र किमी कोतानीज्यूले जापान देशमा रेयूकाई शिक्षाको प्रतिपादन गर्नुभएको हो । रेयूकाई शिक्षा बुद्धले देशना गर्नुभएको सद्धर्मपुण्डरिकसुत्रको भावनामा आधारित छ । रेयूकाईको शाब्दिक अर्थ आध्यात्मिक बन्धुत्वको समाज भन्ने हुन्छ । रेयूकाई शिक्षा अभ्यास गर्ने व्यक्तिहरूले, आध्यात्मिक संसारप्रति विश्वास गरेर आफूलाई यो संसारमा जन्म दिने मानव जीवनका श्रोत माता पिता लगायत पुस्तौं-पुस्ताका पुर्खाहरूलाई दैनिक स्मरण गर्दछन् ।

महान् रेयूकाईको शिक्षा प्रतिपादन भएर अभ्यास गर्दै जाँदा सन् १९३० मा जापान देशमा रेयूकाई संस्थाको विधिवत रूपमा स्थापना भयो । त्यसपछि रेयूकाई शिक्षालाई सन् १९७७ मा हाम्रा यूराशिया रेयूकाईका संस्थापक अध्यक्ष श्री युशुन मासुनागाज्यूले सर्वप्रथम भारत देशमा प्रवेश गराउनु भयो । हाल भारत लगायत यूराशिया महाद्वीपका अन्य देशहरू नेपाल, बंगलादेश, म्यानमारमा पनि यो महान् रेयूकाई शिक्षा अभ्यास गर्ने मौका पाएका छौं ।

रेयूकाईको मुख्य उद्देश्य भनेको विश्व शान्तिमा योगदान दिने धेरैभन्दा धेरै व्यक्तिहरू बनाउने हो । संस्थापकज्यूले मानिसले दैनिक जीवन यापन गर्ने तरिका सद्धर्मपुण्डरिकसूत्रको भावना अनुरूप लागू गरेमा आफ्नो र आफ्नो परिवारको जीवनयापन राम्रो हुनुका साथै समाज पनि समुन्नत हुँदै जाने कुरामा दुईमत छैन भनि विश्वासका साथ भन्ने गर्नुहुन्छ । यो रेयूकाई शिक्षालाई साधारण मानिसहरूले पनि दैनिक जीवनमा लागू गर्न सकिन्छ । रेयूकाईमा प्रवेश भैसकेको मानिसले आफू ओया भएर आफू जस्तै भावना भएका अरूलाई प्रवेश गराउन सक्दछन् । प्रवेश भैसकेपछि रेयूकाईको मुख्य तीन खम्बा पुर्खास्मरण, कार्मिक सम्बन्धको शुद्धीकरण र प्रायश्चितको अभ्यास भन्ने छ ।

वितेर गएका पूर्खाहरूको सोकाईम्यो घरमा विराजमान गराएर दैनिक पानी चढाई सूत्रपाठको माध्यमबाट पुर्खाहरूको आत्मालाई बचाउने कार्य गर्नु नै पुर्खास्मरण हो । जन्मिएर आउँदा हामीसँग हाम्रा पुर्खाहरूको कर्मको सम्बन्ध पनि सँग-सँगै आउने भएकोले राम्रो कर्मको सम्बन्धलाई विस्तार गर्दै लाने र नराम्रो कर्मको सम्बन्धलाई आफैंबाट हटाई सन्ततिमा जान नदिने कार्य नै कार्मिक सम्बन्धको शुद्धीकरण हो । हामी आफूबाट भएको गल्तीप्रति महशुस गरी माफी माग्नु प्रायश्चितको अभ्यास हो । यसरी रेयूकाईका तीनवटा खम्बालाई कार्यान्वयन गरेर आफ्नो जीवन परिवर्तन गर्न सकिन्छ भन्ने विश्वास गरिन्छ । रेयूकाईमा प्रवेश भएका सदस्यहरूले सोकाईम्यो स्थापना गरी दैनिक पानी चढाएर सूत्रपाठ गरी पुर्खास्मरण कार्य गरेमा मिचिविकी भनिन्छ ।

रेयूकाई कुनै धर्म तथा राजनीतिसँग सम्बन्धित छैन । जुनसुकै धर्म मान्ने, जुनसुकै राजनैतिक विचारधारा भएका व्यक्तिहरूको पनि पुर्खाहरू हुने भएकोले रेयूकाईको सदस्य बनेर अभ्यास गर्न सक्दछन् ।

यूराशिया रेयूकाईले समय-समयमा रेयूकाई शिक्षाको अतिरिक्त तालिम एवं स्वास्थ्य शिविरहरू संचालन गर्दै आईरहेको छ । जस्तै: सीपमूलक तालिम, सरसफाई, दैवीप्रकोप उद्धार, नि:शुल्क स्वास्थ्य शिविर, एम्बुलेन्स सेवा, भाषा कक्षा आदि प्रमुख रहेका छन् । रेयूकाई शिक्षाको अभ्यासको माध्यमबाट आफ्नो घर परिवार सुखी र शान्तिप्रिय बनाएर समाज देश हुँदै विश्वशान्तिमा योगदान पुऱ्याउन सकिन्छ भन्ने हाम्रो विश्वास छ ।



# अन्तर्राष्ट्रिय वक्तृत्वकला पर्व-२०११




यूराशिया रेयूकाईको आयोजनामा विश्वको समसामयिक विषयहरूमा यूवाहरूको भूमिका सम्वन्धमा "जलवायु परिवर्तन र मानव समाजको अस्तित्व", "देशप्रति युवाहरूको दायित्व" र "आफ्नो देशमा जन्मन पाएकोमा गर्व गरौं" भन्ने तीन विषयमा वक्तृत्वकलाको मार्फत आ-आफ्नो भावना गत् ४ सेप्टेम्बर २०११ का दिन भारत देशको वाराणसी शहरमा अन्तर्राष्ट्रिय वक्तृत्वकला पर्व - २०११ सम्पन्न भयो । यूराशिया महाद्वीपको ४ देशहरू भारत, नेपाल, बंगलादेश तथा म्यानमार देशबाट छनौट भएर आएका प्रतियोगी र सहभागीहरू सहित ६७१ जनाको उपस्थिति थियो । यूराशिया रेयूकाई संस्थापक अध्यक्ष दम्पत्तिज्यूले पानसमा द्वीप प्रज्ज्वलन गरी कार्यक्रम उद्घाटन गर्नुभएको उक्त पर्वको प्रमुख आतिथ्य वाराणसी हिन्दु विश्व विद्यालयका प्राध्यापक डा. पतञ्जली मिश्रज्यूले गर्नु भएको थियो ।



देश अनुसार सम्पन्न वक्तृत्वकला प्रतियोगितामा उत्कृष्ट भई प्रथम स्थान हासिल गरी छनौट भई आएका प्रतियोगी सहमागीहरू क्रमशः भारतबाट श्री मनोहर शर्मा, नेपालबाट श्री जीवन ढुङ्गाना, म्यानमारबाट सुश्री क्यु थंडर वीन र बंगलादेशबाट श्री हिरोक देव रोयको प्रतिनिधिको रूपमा श्री चिनमोय रोयले आ-आफनो विषयमा रही विचारहरू प्रस्तुत गर्नु भएको थियो । यूराशिया रेयूकाईको अन्तर्राष्ट्रियस्तरमा सम्पन्न उक्त पर्वको संयोजक श्री उदयचन्द्र अधिकारी हुनु हुन्थ्यो ।

# जापान भ्रमण अभ्यास कार्यक्रम



यूराशिया रेयूकाई संस्थापक अध्यक्षज्यूबाट मौका पाएर यस पटक यूराशिया रेयूकाईको मिहाताको नेतृत्वमा गत् ११ अक्टोबर २०११ देखि २२ अक्टोबर २०११ सम्म यूराशिया रेयूकाई भारत देशबाट २० जना र नेपाल देशबाट २ जना गरी जम्मा २२ सदस्यीय यूराशिया रेयूकाईका शिबुचोहरूबाट जापान भ्रमण अभ्यासमा जाने महान् मौका पायो ।

जापान भ्रमण अभ्यासको क्रममा रेयूकाई प्रधान कार्यालयको शाकादेन भवनसंरक्षकदेवमा अभिवादन र द्वय महागुरूज्यूको जीवनी बारे अवलोकन गर्ने मौका प्राप्त गर्नुका साथै द्वय महागुरूज्यू, द्वय गुरूज्यू र मुमा एई होऊ तोकु जेन् न्योज्यूको समाधीस्थलमा गई अभिवादन गर्ने मौका पायो । कोमीनातोस्थित महागुरु काकुतारो कुबोज्यूको जन्मघर, निचिरेनज्यू जन्मनु भएको स्थान, निचिरेनज्यूले अभ्यास गर्नुभएको स्थान आदि स्थानहरूमा जाने साथै १५ अक्टोबर २०११ का दिन रेयूकाई मिरोकुशानमा आयोजित भव्य समारोहमा सहभागी हुने मौका प्राप्त भयो । १८ अक्टोबर २०११ का दिन ओया शाखा रेयूकाई ८औं शाखाले मिहाता ग्रहण गरेको ६०औं वर्षको साधारण भेलामा ८औं शाखा हाविकिनो हल ओशाकामा सहभागी हुने मौका पनि प्राप्त भयो ।



भ्रमण क्रममा जापान देशको टोकियो र ओसाका, कोबे शहरमा रहेका विभिन्न महत्वपूर्ण स्थानहरूमा गई अध्ययन एवं अवलोकन गर्ने र सिक्ने मौका पाएका विभिन्न कुराहरूलाई अनुसन्धान गरेर आफ्नो क्षेत्रमा फर्केर के कुरालाई कार्यान्वयन नगरिकन हुँदैन भन्ने कुरा सहभागीहरूले महसुस गरी, उत्साह बोकी आफ्नो क्षेत्रमा फर्कने मौका पाउनु भएको थियो ।

# म्योईचिकाई (बालबालिका भेला) शुभारम्भ




यूराशिया रेयूकाई संस्थापक अध्यक्ष श्री यूसुन मासुनागाज्यूले यूराशिया रेयूकाईको भव्य भेला १८ नोभेम्बर २०११ को दिन बालबालिकाहरूका लागि खुशीयालीको ढोका खोलि दिनु भयो । यूराशिया रेयूकाईका आठ ओटा मिहाता शाखाबाट छनौट भएका २ जना बालक र बालिकाहरूलाई उपस्थित गराई (म्योईचिकाई) को गीतको समेत शुभारम्भ गरियो । महान रेयूकाई शिक्षा युवा-युवती, महिला पुरुष, बृद्धबृद्धालाई मात्र नभई बालबालिकालाइ पनि उतिकै आवश्यकता पर्दछ भन्ने कुराको महशुस गरी मानव जीवनका श्रोत आमा बुबाहरूप्रति कृतज्ञ हुने र कलिलै उमेरबाट शिष्टता र म्यानर सिकाउने रेयूकाईको उद्देश्य रहेको छ । संस्थापक अध्यक्षज्यूको मार्गनिर्देन बमोजिम शाक्यमूनि बुद्धको जन्मदिनको दिन प्रत्येक मिहाता शाखा र सँस्कृति केन्द्रहरूमा म्योईचिकाईको भेला गरेर बधाई र अपिलको आदान प्रदान गराउँदै जानु पर्दछ भन्ने कुरा लागू गर्ने र गराउने मौका पाउने छौं ।

# व्यक्तिगत अनुभव ........



मेरो नाम पार्वती श्रेष्ठ हो । मेरो घर मोरङ्ग जिल्लामा पर्छ । म हाल ललितपुर जिल्लाको कुसुन्तीमा बस्छु । मलाई रेयूकाईमा प्रवेश गराउने मेरो मिचिविकी ओया सुधा गजुरेल हुनुहुन्छ । मैले ९ सेप्टेम्बर २००८ का दिन रेयूकाई संस्थामा प्रवेश गर्ने मौका पाएकी हुँ । म कक्षा ६ मा पढ्दा स्कूलबाट नृत्य र वक्तृत्वकला प्रतियोगिता छ, रेयूकाईमा जानुपर्छ भनेर सरले भन्नु भएको थियो । प्रतियोगिताको लागि म लगायत मेरा साथीहरू रेयूकाई कार्यालयमा गयौं । त्यहाँ जाँदा मैले निकै अनौठो अनुभव गरें । किनभने, त्यहाँ हामीभन्दा सिनियर व्यक्तिहरूले हामीलाई मुस्कानको साथमा नमस्कार गरी स्वागत गर्नुभयो । त्यो स्वरूप देखेर मलाई अचम्म लाग्यो र किन हामी साना मान्छेहरूलाई नमस्कार गरेको होला भनि मनमनै सोचें । तर बुझ्दै जाँदा एकआपसमा आत्मिय सम्बन्ध बढाउनको लागि यसरी नमस्कार गरिएको रहेछ । त्यस दिन रेयूकाई भनेको विश्वशान्ति र पुर्खास्मण गर्ने संस्था रहेछ भन्ने थाहा भयो । प्रतियोगिता कार्यक्रम सकिएपछि रेयूकाईको सदस्य बन्ने इच्छा भएतापनि विद्यार्थी जीवन भएकोले र मसँग पैसा पनि नभएको कारण सदस्य बन्न नसक्दा ज्यादै दुःख लाग्यो र मनमनै बाबा ममीले टिफिनको लागि दिएको पैसा बचाएर कुनै दिन अवश्य सदस्य बन्छु भनि अठोट लिएर घर फर्कें ।

पढाई सँगै समय बित्दै गयो । मलाई पटक-पटक रेयूकाई कार्यालयमा जान मन लागिरहन्थ्यो । तरपनि मेरो घर र रेयूकाईको अफिस टाढा भएकोले म जान सकिरहेको थिईन । एकदिन मेरो घर नजिकको छिमेकी दिदीसँग चिनाजान भयो । सामान्य चिनाजान त पहिलेदेखि नै थियो तर त्यो दिन उहाँको श्रीमान् रेयूकाई संस्थामा काम गर्नुहुन्छ भन्ने थाहा भयो । मैले धेरै पहिलादेखि खोजी गरिरहेको संस्थाको व्यक्ति घरनजिकै पाउँदा म एकदम खुशी भएँ । मैले रेयूकाईको सदस्य बन्न के गर्नुपर्छ ? मलाई पनि सदस्य बन्न मन लागेको छ भनेर भने । उहाँले घरमै गएर कुरा गरौं न भनेर भन्नु भयो । म पनि सदस्य बन्न पाईने भयो भनेर खुशी हुँदै गएँ । उहाँले मलाई घरमा लगेर गोहोजा देखाएर रेयूकाईको बारेमा सबै कुरा बताउनु भयो र घरपरिवारमा चिनाजान गराउनु भयो । सोही दिन सदस्य आवेदन गरेर खुशी हुँदै घर फर्कें ।

सदस्य बनेपश्चात् ओया सँग-सँगै प्रत्येक महिनाको ९ र १८ तारिखका दिन यूराशिया रेयूकाई ११औं शाखाको मुख्य कार्यालयमा हुने मासिक भेलाहरूमा नियमित जान थालें । यसै क्रममा रेयूकाईको व्यहारिक शिक्षाहरू पनि सिक्ने मौका पाएँ । रेयूकाईमा मलाई सबैभन्दा मन परेको कुरा मुस्कानको साथ नमस्कार गर्नु, माफ गर्नुहोस् भन्नु र धन्यवाद व्यक्त गर्नु हो । यस संस्थाले पुर्खास्मरण गर्ने कुरामा छोरा र छोरीलाई समान रूपले लिएको कुराप्रति म एकदम प्रभावित भएँ ।

रेयूकाई शिक्षामा लागेर पुर्खाप्रतीक (सोकाइम्यो) स्थापना गरी दैनिक रूपमा पुर्खाहरूलाई पानी चढाई सूत्रपाठ गरी पुर्खाको स्मरण गर्ने अवसर प्राप्त गरेकी छु । यसै क्रममा आफूले पनि सदस्यहरू बनाई उनीहरूलाई पनि रेयूकाई शिक्षा बारे जानकारी गराउँदै भेलाहरूमा सँगै लिएर जाने गरेकी छु । रेयूकाई शिक्षाको अभ्यास गर्दै जाने क्रममा गत वर्ष स्थिरमति पहाडमा लिडर्स अभ्यास कार्यक्रममा सहभागी हुने मौका पाई रेयूकाई शिक्षालाई अझ नजिकबाट बुझ्ने मौका प्राप्त गरें । उक्त अभ्यास कार्यक्रमबाट फर्किसकेपछि अझ उत्साहका साथ क्रियाशील भई मिचिविकी गर्ने र मिचिविकी गरेका सदस्यहरूको घरमा पुर्खाहरूलाई केन्द्रविन्दु बनाई जीवनयापन गराउनको लागि सोकाइम्यो स्थापना गर्ने कार्यमा ओयाज्यू सँग-सँगै कार्यान्वयन गर्ने मौका पाईरहेकी छु ।

रेयूकाई संस्थामा प्रवेश गरेपश्चात् हालसम्म मेरो जीवनमा धेरै सकारात्मक परिवर्तनहरू आएका छन् । दैनिक जीवनयापनको क्रममा भेट भएका व्यक्तिहरू र आफूले कार्य गर्ने मौका पाएको कार्यक्षेत्रमा दैनिक मुस्कानलाई लागू गरी कार्यान्वयन गर्ने मौका पाईरहेकी छु । हाल मेरो व्यवहार र कार्यशैलीलाई देखेर छरछिमेकले पनि पहिलाको पार्वती र अहिलेको पार्वतीमा आकाश जमिनको फरक आएको छ, रेयूकाई भन्ने संस्था साच्चै राम्रो रहेछ भनेर भनेको सुन्दा म आफू रेयूकाई सदस्य हुन पाएकोमा गर्व महशुस गरेकी छु । यस्तो महान् रेयूकाई शिक्षा यूराशिया महाद्वीपमा ल्याउनु हुने यूराशिया रेयूकाई संस्थापक अध्यक्षज्यूप्रति कृतज्ञता ज्ञापन गर्दै रेयूकाई शिक्षालाई आफैंबाट कार्यान्वयन गरी सदस्यहरूलाई पनि कार्यान्वयन गराई अब आयोजना हुने गोहोम्यो आत्मा ग्रहण समारोहमा सहभागी भई लोकहितकारी बोधिसत्व बन्ने प्रतिज्ञा गर्दछु ।

धन्यवाद ।

**– जुन-होजाशु श्रीमती पार्वती श्रेष्ठ, यूराशिया रेयूकाई ११औं शाखा**

# यूराशिया रेयूकाई छात्रवृत्ति कार्यक्रम - २०११ को फोटो न्यूज



यूराशिया रेयूकाई ११औं शाखा
धोबीधारा, काठमाडौं (४ जून २०११)
**छात्रवृत्ति पाएका व्यक्तिहरु:**
१) ऋतु बेली २) पासाङ्ग लमु शेर्पा



यूराशिया रेयूकाई १३औं शाखा
टीकापुर, कैलाली (१४ जून २०११)
**छात्रवृत्ति पाएका व्यक्तिहरु:**
१) दीपेन्द्र उपाध्याय २) हिक्मत के.सी.



यूराशिया रेयूकाई १५औं शाखा
कौशलटार, भक्तपुर (९ जून २०११)
**छात्रवृत्ति पाएका व्यक्तिहरु:**
१) सावित्री कुमारी राम २) अष्ट लोप्चन



यूराशिया रेयूकाई १७औं शाखा
सिद्धार्थनगर र सुनवल (२७ र ३० मे २०११)
**छात्रवृत्ति पाएका व्यक्तिहरु:**
१) एरिका भुषाल २) पूजा गौतम



यूराशिया रेयूकाई २१औं शाखा
सिलिगुडी, भारत (१८ जून २०११)
**छात्रवृत्ति पाएका व्यक्तिहरु:**
१) अनवषा गुरुङ्ग २) पेम्बा शेर्पा



यूराशिया रेयूकाई २२औं शाखा
नवलपरासी (३ र ४ जून २०११)
**छात्रवृत्ति पाएका व्यक्तिहरु:**
१) राधा ठकुरी २) दुर्गा पोखरेल



यूराशिया रेयूकाई २५औं शाखा
धोबिधारा, काठमाण्डौ (९ जून २०११)
**छात्रवृत्ति पाएका व्यक्तिहरु:**
१) काजोल शाही २) प्रदीप राई



यूराशिया रेयूकाई २८औं शाखा
भद्रपुर र धरान (११ जून २०११)
**छात्रवृत्ति पाएका व्यक्तिहरु:**
१) पूजा काफ्ले २) सुशिला शर्मा

"बिहान आशा लिएर उठ्ने, दिउँसो उज्यालो भई प्रयास गरी जीवन जीउने, राती कृतज्ञ भई सुत्ने" – यूराशिया रेयूकाई संस्थापक अध्यक्ष श्री युशुन मासुनागा

# यूराशिया रेयूकाईद्वारा सम्पन्न गरिएको विभिन्न क्रियाकलापहरूको झलक:




यूराशिया रेयूकाई ११औं शाखा, म्योईचिकाई बाल भेला
(७ जनवरी २०१२, धोबिधारा, काठमाडौं)



यूराशिया रेयूकाई १३औं शाखा, साधारण सदस्य भेला
(५ नोभेम्बर २०११, सुखड, कैलाली)



यूराशिया रेयूकाई १५औं शाखा, बालभेला कार्यक्रम
(८ अप्रिल २०११, कौशलटार, भक्तपुर)



यूराशिया रेयूकाई १७औं शाखा, नयाँ वर्ष स्वागत कार्यक्रम
(१ जनवरी २०१२, सिद्धार्थनगर)



यूराशिया रेयूकाई २१औं शाखा, बाल प्रतिभा कार्यक्रम
(२६ जून २०११, सिलिगुडी, भारत)



यूराशिया रेयूकाई २२औं शाखा, कढाई तालिम
(५ मे २०११, बर्दघाट)




यूराशिया रेयूकाई २५औं शाखा, नयाँ वर्ष स्वागत कार्यक्रम
(१ जनवरी २०१२, धोबिधारा, काठमाण्डौं)



यूराशिया रेयूकाई २८औं शाखा, निःशुल्क आँखा शिविर
(२२ नोभेम्बर २०११, केरखा, झापा)




यूराशिया रेयूकाई बंगलादेश, सिलाई कटाई एवं फेब्रिक पेन्टिङ्ग तालिम (१६ मे २०११, बंगलादेश)



यूराशिया रेयूकाई म्यानमार, अंग्रेजी भाषा तालिम
(जून २०११, म्यानमार)



यूराशिया रेयूकाई वाराणसी संस्कृति केन्द्र
पर्यावरण संरक्षण दिवस (५ जून २०११, गंगा तट वाराणसी)



यूराशिया रेयूकाई धरान संस्कृति केन्द्र, ब्यूटिसियन तालिम
(१६ अगष्ट २०११, धरान)



यूराशिया रेयूकाई बुटवल संस्कृति केन्द्र
तीज गीत प्रतियोगिता (१८ अगष्ट २०११, बुटवल)



यूराशिया रेयूकाई नेपालगञ्ज संस्कृति केन्द्र,
मेहन्दी तालिम (९ जून २०११, नेपालगञ्ज)

प्रकाशकः
**यूराशिया रेयूकाई**
५८-डा. पारसमणि सरणी, सिलिगुडी, वार्ड नं. ४१,
पश्चिम बंगाल, भारत ।
फोन : ००९१-३५३-२५४४७१६,
फ्याक्स : ००९१-३५३-२५४४९०८

यूराशिया रेयूकाई योजना विकास
प्रकाशन समिति

*यो पत्रिका आफूले पढिसकेपछि कृपया अरूलाई पनि पढ्ने मौका दिऔं ।*